# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## नियमन तथा व्यवस्थापन विभाग


पत्र संख्या : नि.व्य.वि./धि.नि.सा.ल.को तथा वि.ल.को.शा./२०७८/०७९

चलानी नं.: १५९४

मितिः २०७९।०३।०९

श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं ।

श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाडौं ।

**विषयः जानकारी बारे ।**

महाशय,

सान्जेन जलविद्युत कम्पनी लिमिटेडले नागरिक लगानी कोषंको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा तथा सनराइज क्यापिटल लिमिटेड र एनएमबि क्यापिटल लिमिटेडको सह निष्काशन तथा बिक्री प्रबन्धकत्वमा आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुलाई रु. १००।- दरमा कुल ३६,५०,००० कित्ता साधारण शेयर प्रारम्भिक सार्वजनिक निष्काशन गर्नका लागि बोर्डमा प्रस्तुत गरेको विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३०.को उपदफा (१) बमोजिम प्रकाशन गर्न स्वीकृति प्रदान गरिएको व्यहोरा जानकारी गराउँदै विवरणपत्र प्रकाशनका लागि दिइएको स्वीकृति पत्र यसै पत्रसाथ संलग्न गरिएको व्यहोरा अनुरोध छ ।

भवदीय,

(शंकर प्रसाद रिमाल)
का.मु. निर्देशक


पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल
फोन नं.: ००९७७-१-५५४१०५७, ५५५११६२, ५५४४०७७, टोल फ्रि नं.: १६६०-०१-४४४३३
फ्याक्स नं.: ५५४१०५८, इमेलः support@sebon.gov.np, वेभसाइटः www.sebon.gov.np

# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
## नियमन तथा व्यवस्थापन विभाग


### विवरणपत्रको स्वीकृति

महाराजगंज, काठमाण्डौं मुख्य कार्यालय भएको सान्जेन जलविद्युत कम्पनी लिमिटेडले आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागिरु. १००।- दरको ३६,५०,००० कित्ता साधारण शेयर सार्वजनिक निष्काशन गर्नका लागि तयार गरेको विवरणपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

उपरोक्त विवरणपत्रमा उल्लेखित साधारण शेयर देहायका शर्तहरु पालना गर्नुपर्ने गरी निष्काशन गर्नुपर्नेछ ।

शर्तहरु:

१. विवरणपत्रमा देहाय बमोजिम सुधार गरी सो को जानकारी यस बोर्डलाई गरे पश्चात् मात्र विवरणपत्र प्रकाशित गरी धितोपत्र निष्काशन प्रकृया अगाडी बढाउनु पर्ने ।
   *१.१. आयोजना प्रभावित वासिन्दालाई निष्काशन गरिने शेयर खरीद गर्न सहज रुपमा आवेदन गर्न सकिने व्यवस्था मिलाउनुपर्ने ।*
   *१.२. NPV, 1RR, Payback Period, Discounted Payback Period, Total Project Cost, Per Megawatt Cost को गणना सम्बन्धी Summary Table विवरणपत्रमा समावेश गर्नुपर्ने ।*
   *१.३. दफा ग.३.क.छ मा सम्पत्तिको विवरण अन्तर्गत नेट र ब्लक खुने गरी पछिल्लो लेखापरिक्षण भएको वर्षको स्थीर सम्पत्ती रजिष्ट्र (Fixed Assets Register) समावेश गर्नुपर्ने ।*
   *१.४. दफा ग.९.ग. को प्रक्षेपित वित्तीय विवरणको तालिका अन्तर्गत उल्लेखित जगेडा कोषको रकम र दफा ग.९.ख.क. को नेटवर्थको गणना सम्बन्धी तालिका तथा अन्यत्र रहेको सोही शीर्षकको रकम बीच भिन्नता देखिएकोले सोको यकिन गरी सच्याउनुपर्ने । साथै सोबाट अन्य वित्तीय अनुपातहरुमा समेत परिवर्तत हुने भए सो समेत यकिन गरी सच्याउनुपर्ने ।*

२. सान्जेन जलविद्युत कम्पनी लिमिटेडलाई यस बोर्डबाट प्रदान गरिएको स्वीकृत विवरणपत्रको अधीनमा रही श्री नागरिक लगानी कोषको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा तथा सनराइज क्यापिटल लिमिटेड र एनएमबि क्यापिटल लिमिटेडको सहनिष्काशन तथा बिक्री प्रवन्धकत्वमा आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुलाई आफ्नो जारी पूँजीको १० प्रतिशत अर्थात् ३६,५०,००० कित्ता साधारण शेयर प्रारम्भिक सार्वजनिक निष्काशन गरी बिक्री गर्नका लागि मात्र यो स्वीकृति लागू हुने ।

३. धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा ६ बमोजिम धितोपत्र निष्काशन स्वीकृत भएको ७ कार्य दिनभित्र धितोपत्र सूचीकरण तथा अभौतिकीकरणका लागि निवेदन दिनुपर्ने ।

४. "सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४" को सम्पूर्ण व्यवस्थाहरु पालना हुने गरी निष्काशन कार्य अगाडी बढाउनुपर्ने ।

**५. सङ्गठित संस्थाले सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्ने आह्वानपत्र लगायत अन्य सूचनाहरुमा क्रेडिट रेटिङ्गको ग्रेड तथा उक्त ग्रेडले जनाउने आधार, विगत तीन वर्षको तथा आगामी तीन वर्षको प्रति शेयर खुद सम्पत्ति, प्रति शेयर आम्दानी, संचित नाफा/नोक्सानी, आयोजनाको कुल लागत, प्रति मेगावाट लागत, विद्युत उत्पादन अनुमतिको बाँकी अवधि, साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) तथा डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period)लगायतका विवरण गाढा ठुलो अक्षरमा स्पष्ट देखिने गरी छुट्टै तालिकामा प्रस्तुत गर्नुपर्ने ।**

६. बोर्डमा प्रस्तुत गरिएको विवरणपत्र लगायत अन्य कागजातहरुमा उल्लेख भएका विवरणहरुमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट लगानीकर्ताहरुको निर्णय प्रभावित हुन सक्ने गरी उल्लेख्य रुपमा कुनै परिवर्तन हुने भएमा सो विवरण (Material Information)समावेश गरी विवरणपत्र संशोधन गरी बोर्डबाट स्वीकृत गराएपछि मात्र बिक्री खुल्ला गर्नुपर्ने र शेयर बिक्री खुला हुने मितिसम्म त्यस्तो परिवर्तन नभएको भए सो कुरा बिक्री खुल्ला हुनुपूर्व निष्काशन तथा बिक्री प्रबन्धक मार्फत बोर्डलाई जानकारी गराउनुपर्ने। २०७८.५.१५.


पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल
फोन नं.: ००९७७-१-५५४१०५७, ५५५११६२, ५५४४०७७, टोल फ्रि नं.: १६६०-०१-४४४३३
फ्याक्स नं.: ५५४१०५८, इमेल: support@sebon.gov.np, वेभसाइट: www.sebon.gov.np

७. कम्पनीको संचालक त्यस्तै खालको अन्य कम्पनीको संचालक भएको भए कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) छ को विपरित नहुने गरी निष्काशन कार्य अगाडी बढाउनुपर्ने ।

८. सार्वजनिक निष्काशनका लागि विवरणपत्र प्रकाशन गर्नुपूर्व यस बोर्डबाट प्रकाशनका लागि स्वीकृति प्राप्त भएको विवरणपत्र कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गराउनुपर्ने ।

९. धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ र धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिम प्रकाशन गर्न स्वीकृत भएको विवरणपत्र तथा यस निष्काशनमा तोकिएका शर्तहरु बमोजिम सुधार गरिएको विवरणपत्र सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सोको विद्युतीय प्रति (soft copy) बोर्डमा उपलब्ध गराउनुपर्ने ।

१०. धितोपत्र निष्काशनको क्रममा लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सुचित निर्णय (informed decision) मा पुग्न सहज गर्ने उद्देश्यले बोर्डबाट स्वीकृत भएको विवरणपत्र निष्काशनकर्ता कम्पनीले कम्तीमा वित्तीय प्रक्षेपणको अवधि सम्म तथा सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धकले धितोपत्र बाँडफाँट नभएसम्म आ-आफ्नो वेभसाइटमा राख्नुपर्ने र सो को जानकारी बोर्डलाई गराउनुपर्ने । साथै धितोपत्र निष्काशनको क्रममा प्रकाशन गरिने सूचनाहरुमा समेत विवरणपत्र निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटमा राखिएको व्यहोरा खुलाउनुपर्ने ।

११. सर्वसाधारण लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिएको हो भन्ने उद्घोषण गराउने व्यवस्था गर्नुपर्ने ।

१२. धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका २०७४ को दफा ४४ को उपदफा (२) बमोजिमको व्यवस्थाहरु संस्थाको आगामी साधारणसभाबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गरी उल्लेख गर्नुपर्ने।

१३. संगठित संस्थाले स्वीकृत विवरणपत्रमा प्रक्षेपण गरिएका विवरणहरु तथा वास्तविक विवरण तुलनात्मक रुपमा वार्षिक प्रतिवेदनमा तालिकामा प्रस्तुत गर्नुपर्ने । साथै प्रक्षेपित विवरण भन्दा वास्तविक विवरण फरक पर्न गएमा सो को कारण सहित खुलाई आफ्नो वार्षिक प्रतिवेदनमा प्रक्षेपित अवधिसम्म प्रत्येक वर्ष प्रस्तुत गर्नुपर्ने साथै सो को जानकारी बोर्डलाई समेत दिनुपर्ने ।

१४. धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ र ऐन अन्तर्गत जारी भएका अन्य नियम, विनियम निर्देशिका तथा बोर्डबाट जारी भएका निर्देशनहरुमा उल्लेखित व्यवस्था तथा यस निष्काशनका लागि तोकिएका शर्तहरुको त्यस कम्पनी र निष्काशन तथा बिक्री प्रबन्धकबाट पूर्ण रुपमा पालना भएको जानकारी बोर्डलाई गराएपश्चात् मात्र सार्वजनिक निष्काशनको लागि आव्हानपत्र प्रकाशन गर्नुपर्ने ।

१५. संगठित संस्थाको विवरणपत्रमा उल्लेखित विवरण तथा जानकारीको यथेष्टताको सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धक सन्तुष्ट भई बोर्डमा प्राप्त भएको प्रतिबद्धतापत्र (Due Diligence Certificate)को पालनाका लागि त्यस कम्पनी सक्रिय रहनुपर्ने तथा निष्काशन तथा बिक्री प्रबन्धक जवाफदेही हुनुपर्ने।

१६. आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि निष्काशन गरिने धितोपत्रको निष्काशन कार्य बन्द भएपश्चात मात्र आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि निष्काशनमा बिक्री नभएको शेयरहरु समेत समावेश गरी धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ ले तोकेको अवधि भित्र सर्वसाधारणका लागि धितोपत्र बिक्री खुल्ला गर्नुपर्ने ।

**सम्बन्धित पदाधिकारीको**

नामः रुपेश के.सी.

पदः उप कार्यकारी निर्देशक

दस्तखतः

मितिः २०७९।०३।०९


पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल

फोन नं.: ००९७७-१-५५४१०५७, ५५५११६२, ५५४४०७७, टोल फ्रि नं.: १६६०-०१-४४४३३

फ्याक्स नं.: ५५४१०५८, इमेलः support@sebon.gov.np, वेभसाइटः www.sebon.gov.np